याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर, नेपाल

सूचना नं. : ०९

मिति : २०८०/०५/२५

**विषय : ढुङ्गा, गिटि, वालुवा उत्खनन सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रका विभिन्न खोला तथा ढुङ्गा खानीहरुबाट अबैध रुपमा गाउँपालिकाबाट कुनै पनि अनुमति नलिइ मनोखुसी तथा जहाँतहिबाट मनोमानी तवरले ढुङ्गा, गिटि, वालुवा जस्ता प्राकृतिक खानी जन्य पदार्थहरुको उत्खनन गरी प्रयोग, विक्रि वितरण तथा ओसारपसार भएको पाइएको हुँदा यस गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०८०/०५/२४ गतेको निर्णय अनुसार यस्ता गैरकानूनी रुपमा नदीजन्य तथा खानी जन्य पदार्थको उत्खनन, संकलन र ओसारपसार नगर्न नगराउन हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

यस सूचनाको बेवास्ता गरी कानून विपरीत यस्ता नदीजन्य तथा खानी जन्य पदार्थको उत्खनन, संकलन, विक्रि वितरण र ओसारपसार भएको पाइएमा उत्खनन गर्न प्रयोग गरिएका मेशिन उपकरण, संकलन गरिएका नदीजन्य तथा खानी जन्य पदार्थ र ओसारपसारमा प्रयोग गरिएका सवारीसाधनहरु जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

.............................

सुमन लिङदेन (लिम्बु)

प्रमुख प्रशासकीय अधिकृत



yangwarakruralmun@gmail.com www.facebook.com/yangwarak www.yangwarakmunpanchthar.gov.np ☎ ०२४-४१००४८, ०२४-४१००४९